The year 1964 brought a great loss to our country in the death of our beloved Prime Minister Jawaharlal Nehru. The void created by his death can never be filled up.

'Come, come, everyone come,'—Welcome song

Nepali Group Song

Tag-Dance song.



The main problem of Educational Institutions is ... The Chairman School Managing Committee, chatting with members of the Teaching Staff.

Academicians

सुमाइट

कालिम्पोङ

१९६४

राष्ट्रको आह्वान

–एस० के० सिंह,
नवम् श्रेणी 'बी'

एउटा देशलाई, मानिस नै हो भने
प्रसिद्ध र शक्तिशाली बनाउँदछ ।
जसको सत्यताको अघि सदैव
संसारले शिर निहुराउनु पर्दछ ॥१॥

बुद्धिमानले आफनो कर्तव्य पालन गर्छ,
यो विशाल संसारको प्रत्येक क्षेत्रमा ।
उसकै सामर्थ्यले नै देशको
झण्डा आकाशमा फरफराउँदछ ॥२॥

अभिमान

—अग्नि प्रसाद राई,
नवम् श्रेणी 'ए'

"के म मेरो सौन्दर्यको उपयोग गर्न सक्तिनँ ? के मभा यौवन छैन ?" बिमलाले रिसाएर भनी। बिनोदले चित्र अघरै छाडेर कुची थन्काउँदै मुस्कुराएर भन्यो—"हो बिमला, यौवनको उपयोग गर्नसकिन्छ तर त्यसको पनि सीमा हुन्छ। यो सौन्दर्यको कुरा जुन आफ्नो सौन्दर्यलाई तिमी आफ्नो सौन्दर्य भनिरहेकी छौ त्यो सौन्दर्य होइन विष हो। जसले सौन्दर्यरूपी गन्धले मात्र मानिस आफैलाई बिर्सन्छ।"—"सौन्दर्यको प्रेमी कलाको उपासक भएर सौन्दर्य माथि व्यंग कस्नु तिमीलाई शोभा दिदैन बिनोद!" (बिनोदले कुची खेलाउँदै) "हो, म सौन्दर्यको उपासना गर्छु तर प्राकृतिक सौन्दर्यको।"—"जब कुनै पुरुषले नारी सौन्दर्यको विषयमा केही जान्दैन, त्यसले के जानोस् प्राकृतिक सौन्दर्यको विषयमा ? आखिर दुवै सौन्दर्य एकै होइनन र ? फेरि प्राकृतिक सौन्दर्यमा के छ र ?" बिमलाले सुरिएर मुख बंगाउँदै भनी। "बिमला, प्राकृतिक सौन्दर्यमा एउटा विशेषता छ औ त्यो हो, प्राकृतिक सौन्दर्यमा वासनाको कलुषित भावना पाइँदैन। यो सौन्दर्य हेर्नलाई तन, मन र चार आँखाको आवश्यकता पर्छ।" बिनोदको गम्भीर आवाज थियो। "तिम्रो तर्क अहिले थन्काई राख बिनोद! मैले नरेशसित विवाह गर्ने संकल्प गरिसकेकी छु। जवानीमा म तपस्विनी बन्न चाहन्नँ। मभा रूप छ, यौवन छ, धन छ औ.....।" "भयो बिमला भयो" बीचैमा कुरा काटेर बिनोदले भन्यो—"यी सजिएका वस्त्रहरू भित्र एउटा सौन्दर्यमय हृदय छ। जसलाई तिमी देखन सक्तिनौं किनकि तिम्रा आँखा सुन र चाँदीका मधुर कल्पनाले तिरमिराई दिएको छ। यसकारण यौवनको तिमीले गर्व नगर। याद राख, मासु र रक्तको आवरण हट्ना साथ त्यही सुन्दर शरीर एउटा बिभत्स कंकाल बन्नेछ, जसमा केही सौन्दर्य रहनेछैन, अभिमानले आवसान हुन्छ।" बिनोदको कुरा सुनेर क्रोधित बिमला फुत्त बाहिर निस्की। बिनोदको मानसपटमा अतीतका घटनाहरू चलचित्र झ आउनथाले। बिमला जसलाई एकदिन उसले असहाय अवस्थामा लिएर आएको थियो, आज उसैलाई व्यंग वर्षा गर्ने भई।

बिनोदको अथक परिश्रमले त्यो अध्यापिका भई औ त्यसै बिमला र नरेशको परिचय भयो, अनि प्रेम परिचयमा परिणत भयो। बिनोदले कति संझाउने कोशिष गर्‍यो तर अभिनेत्री बिमला रूपले मातिएकी नारी सदैव उपहास गर्थी कलाकार बिनोदको।

भोलिपल्ट..... बिमलाले बिनोदको कोठामा प्रवेश गरी। "बिनोद, म आज गइरहेछु। मलाई रोक्ने प्रयास नगर। नरेश र मेरो जीवन नयाँ भई जाग्नेछ। बिदा लिन आएकी म।" बिनोदले बिस्तारै भन्यो—"जाऊ बिमला! म तिमीलाई रोक्नेछैन। भगवानले तिमीलाई रक्षा गरून्। दुःख भएमा यस निर्धन कला प्रेमीलाई नभुल्नू। तिम्रो निम्ति कुनै हालत भए पनि मेरो घरको आग्लो खुला हुनेछ।" त्यसपछि बिमला गई उत्साह लिएर नयाँ जग बसाल्न।

त्यसपछि...लामा लामा चार साल बिते। बिनोदको दैनिक जीवन सुखमय छ, औ कहिले काहीं बिमलाको यादले एकक्षण विचलित हुन्छ, तर.....।

एक दिन संझै मैं डुल्नलाई विनोद [illegible] निस्क्यो। उसले देख्यो बाटाको एक [illegible] एउटी मैली अनि जीर्ण भएकी स्त्री [illegible] औ बटुवाहरू त्यस स्त्रीतिर एकाध [illegible] पर्यन्टै हिंड्थे। विनोदलाई अज्ञात [illegible] तानेर त्यसको अघाड़ि पुऱ्यायो [illegible] विनोदले त्यस स्त्रीलाई देख्नसाथ उसका [illegible] मा हलचल हुनथाल्यो। उसले अधीर [illegible] प्रश्न गऱ्यो—"बिमला! तिमी यो [illegible] मा कसरी ?"

" ..... ।"

"मन बिमला संकोच नमान।"

बिमलाले आँशुका धारासित आफू [illegible] घटेका घटनाहरूका पाता पल्टाउन [illegible] —प्रायश्चितको अड्कोमा अड़ि अड़ि। [illegible] शित गएपछि छ महीनासम्म तिनीहरूको [illegible] जीवन आनन्दसाथ गुज्रे औ एकदिन भए नभएको धन-सम्पत्ति सहित बेपत्ता! त्यसपछि बिमलाले भयङ्कर चोट पाई। उसले नोकरीका निम्ति कैयौंका द्वार कुरी तर समाजको लोभी मुख, कुकुरहरूको वासनाको आगोमा डढेर त्यसले सब गुमाई। अन्त्यमा आज यस हालतमा उपेक्षित बिमला विनोदको आँशु भएकी छ। "मैले गरेको अभिमानको फल पाएँ विनोद!" बिमलाको कथा टुंगियो। विनोदका आँखा सजल भए। "हिंड़ बिमला! घर जाऔं, मैले अघि भनेथें—'तिम्रो निम्ति मेरो घरको आगलो खुला रहनेछ, हिंड़।"

आज...बिमला विनोदको अथक परिश्रमले फेरि अध्यापिका भएकी छ। चार साल अघिको बिमला र अहिलेको बिमलामा आकाश-पातालको अन्तर छ। प्रत्येक साँझ ती दुइ संगै डुल्न जान्छन् औ फर्कन्छन्। तिनीहरूको जीवन सुखमय छ। ती सुखी छन्।

कर्कट रोग

—भवानी बागवाल,
भूतपूर्व छात्र।

कर्कट रोग !

ममतामय नेपाल आमाको बुगलाई,
अविरल अश्रुकणले अति रुसाई;
अमिल्याई भाको स्नेही उरलाई,
किन चुंड़िस् उनको सुतलाई।

कर्कट रोग !

सुन्दर कलिलाई फक्न नदिई,
सर्व नेपालीलाई चिन्नै नदिई;
उजाड़ बनाई साहित्य-बागलाई,
किन चुंड़िस् सुन्दर फुललाई।

कर्कट रोग !

साहित्याकाशको ध्रुव तारालाई,
मृत्युरूपी काली घुम्टो ओढ़ाई;
अँध्यारो पारी नेपाली जगलाई,
अदृश्य पारिस् किन देवकोटालाई।

कर्कट रोग !

पुत्र-वियोगले व्यथित जननीलाई,
अझ दुःखित पारी रुवाउनलाई;
निर्मम, निर्दयी हे कर्कट रोग !
नचंड़् अब भो अरू पुत्रलाई।

भूतिया

—गोविन्द नारायण प्रधान,
नवम् श्रेणी 'ए'

सूर्य पश्चिम दिशामा गई अस्ताउन लागेको थियो। मेलोबाट खेतालाहरू घरतर्फ फर्किरहेका बेलामा म पाठशालाबाट घरतर्फ लागिरहेको थिएँ। धनेले अत्तालिदै आएर भन्यो—"कालु, पर क्या त कार्की दाइको छोरो रामे त चिनियाँहरूको गोलीको निशान पो बनेछ।" मलाई विश्वास लागेन र दुवै जना कार्की दाइको घरतिर हिड्यौं; निकै नजिक पुगेका के थियौं; रोएको आवाज सुनियो। त्यसबेला पो हो कि जस्तो लाग्यो। साँच्चै घरमा पुगेका थियौं, मानिसहरूको भीड़ रहेछ।

रामेले यसै साल त हो पल्टनको छुट्टिमा आएर दुलही भित्र्याएको। दुलहीले तरुणी अवस्थामा नै "रांड़ी" भन्ने उपाधि पाइँछे भनी कसले जानेको थियो? गाउँका मानिसहरूका मुखबाट त यही सुनिन्थ्यो कि दुलही "बोक्सी" रे! "बुढ़ा टोकुवा" रे!

१३ दिनसम्म त मानिसहरूका त्राना प्रकारका कुराले घरका मानिसहरू एक प्रकार शोकित अवस्था कम देखिन्थे तर बादमा के भयो भन्न सकिंदैन।

प्रायः नौ महीना बाद.....रामेको मृत्यु विषय सबैले भुलिसकेका थिए तर मलाई भने हिजोको घटनाले घाउलाई अझ आलो पारिदियो। म हिजो बेलुकीको सिनेमा हेर्न गएको थिएँ तर साथीहरू कोही पनि भेटिनँ। सिनेमा छुटेर म सरासर नौमाइलको बाटो एक्लै कदम बढ़ाउन थालें। 'इञ्जिन घर' देखि त मेरो जुत्ताको आवाज सिवाई अरूको सुनिन छोड्यो। आफ्नै जुत्ता बज्दा पनि भय लागिरहेको बेला, अकस्मात् हुसेल खोलाको कल्पट नेर मैले एउटा मानिसको आकार देखें। म झसंग भएँ किनकि हुसेल खोलामा तर्साउँछ भन्ने कुरा सुनेको थिएँ। मेरो हंसले ठाउँ छोड्यो। मेरो शरीर काम्न थाले जस्तो भान हुनथाल्यो। तरै पनि पुरुषार्थी नै हूँ भन्ने धारणा लिएर मैले झन जुत्ताको ऐड़ी ठोक्दै कदम बढ़ाउन थालें। कल्पट नेरको मानिसको आकार पनि उतैर हिड्न थाल्यो। म त्यसको पछि पछि हिंड़ें। जति-जति त्यो नजिक हुन्थ्यो उति चिनेको जस्तो भान हुनथाल्यो। यसरी नै धोबी धाराको बिजुलीको मधुर प्रकाशले त्यसको पोशाक देख्न पाएँ। मिलिटेरी पोशाक एक हातमा 'बेडिङ्ग' र अर्को हातमा 'राईफल'। यसरी नै नजिक हुँदा हुँदै पनि पनि मैले को हो भनी ठिमाउन सकिनँ। जब अगष्टीनको गोलाईमा पुग्यौं, त्यो पनि मेरै कदमको बराबर थियो। यसो अनुहारमा हेरेको मात्र थिएँ, के भनौं त्यो रामे नै रहेछ तर भयङ्कर हेर्न पनि नसक्ने अनुहार नाक, मुख, आँखा भएको। त्यस पछि के कसो भो थाहा भएन।

निद्रामा कोही चिच्याएको जस्तो लाग्यो। आँखा उघारेकोमात्र थिएँ छेवैबाट एउटा स्याल उफ्त्यो र सातो-पुत्लो उड़ायो। त्यो मानिस छ कि भन्ने भयले चारैतिर आँखा घुमाएँ तर थिएन—खालि नभ-मंडलका ताराहरू मात्र मलाई हेरेर हाँसिरहेका थिए। मेरो मगज नै गुम भएछ क्यार! मुटुको धड़कन झन साह्रो चलन थालिसकेछ। आँखा चिम्लेर घरको सिकुवामा पुग्दा मात्र मेरो होश आयो।

× × × ×

तपाईंले यो कुरा नपत्याए एक दिन त्यस बाटोमा आएर एक्लै हिँडनु होस् त! विश्वास गर्नु हुनेछ अँ त्यो पनि रात्रिको एघार, बाह्रबजे तिर, त्यही हुसेल खोलाको बाटोमा है!!

बिचरी निर्मला

—चन्द्रकुमार राई (भूतपूर्व छात्र),
कालिम्पोङ ।

हुरीको वेगमा हुरिएर उ त्यहाँ पुगी। उसको क्षुब्ध गहनाट आँशुको भेल उर्लिरहेको थियो औ अपलक दृष्टिले त्यस चिहानलाई हेरिरहेकी थिई—मानो त्यस चिहानले भनिरहेको छ—'हेर त निला! आज पनि म अनेकौं आँधी-बेहरी र दुःख कष्ट सहेर तिम्रै निम्ति यहाँ बसिरहेको छु, तिम्रै प्रतीक्षा गरिरहेको छु...।' यसको प्रत्युत्तरमा अर्ध सिल्ली भैं उसले पनि भनिरहेकी थिई—"मलाई क्षमा गर कृष्ण! मलाई क्षमा गर!! मैले तिम्रो हृदयको महानता थाहा पाउन सकिनँ, तिम्रो पवित्र प्रेमको कदर गर्न सकिनँ, मलाई क्षमा गर।" पश्चात्तापानलमा जली अविरल आँशु चुहाउँदै त्यस चिहानको समक्ष रोइरहेकी थिई—बिचरी निर्मला।

❀ ❀ ❀

एकदिन—त्यही चिहाने डाँडामा कृष्णचन्द्र र निर्मला उसै उसै यौवनको मादकताले छचल्किएको हृदय लिई घण्टौं बेरदेखि गफ गरिरहेका थिए—आनन्द विभोर भएर...। त्यसै क्षण एकाएक निर्मलाको हात समाती कृष्णचन्द्रले भन्यो—"निला! मेरो जीवनको प्रेरणा बनिदिने ?" निर्मला लाजले निरुत्तर रही। एकशब्द बोल्न सकिन। उसको यस्तो मौनता देखेर अझ गम्भीर भएर कृष्णचन्द्रले भन्यो—"तिमी मेरो जीवनको सहारा बनिदिए यो धरती स्वर्ग बन्नेछ मेरो निम्ति—साँच्चै निला! स्वर्ग बन्नेछ...।" लाजले निर्मलाको गालामा अझ रक्तिम रंग चढ्यो। उसको मुखबाट एक शब्द फुट्न सकेन, केवल टाउको हल्लाएर 'हुन्छ' भन्ने संकेत गरी औ हाँस्दै घरतिर दगुरी। कृष्णचन्द्र दुक्क भयो... अनि यही 'हुन्छ'-को आधारमा उसले निर्मलालाई दुइवटासम्म पत्र लेख्यो तर पत्रोत्तर नआउँदा उसको विचारले आश्चर्यको परिधि नाघ्यो तर यो हुन्छमा कुन रहस्य लुकेको थियो सो उसले बुझन सकेन।

एक बेलुकी—तल बजारमा माइक बजिरहेको छ। मानिसहरूको अपार जमघट छ औ यता कृष्णचन्द्रको हृदयमा अनेकौं विषाक्त काँडाहरूको जमघट भइरहेछ, महान् द्वन्द्व मचिरहेछ किनकि उसको प्राणको आहुति भइरहेछ—एक अज्ञात वेदिमा। कोठाभरी कालो कालो बादल मड्हारिरहेछ उसको उपहास गर्दै।

❀ ❀ ❀

दार्जीलिङको सानो रेल सकीनसकी क्रमशः अघि बढ्दिरहेछ औ यसैको एक कम्पार्टमेन्टमा सैनिक जीवनको सपना देख्ने एक हुल युवकहरू प्रफुल्लित हृदय लिई हाँस्दै, ठट्टा गर्दै बसिरहेका छन्। तिनीहरूमा नव उत्साह छ, नव प्रेरणा छ तर कृष्णचन्द्रमा ती सब कुरा अलिकति पनि छैन। उ निधारो मुहार लिई झोक्रिएर एक कुनामा बसिरहेको छ। रेललाई थाह थिएन उसको ओजनमात्र बोकिरहेको..।

❀ ❀ ❀

कैयौं दुःख कष्टहरू सहेर छ महीनाको दुरूह तालिम सिध्याई उ नेफाको [illegible] डाँडामा आएको आज झण्डै चार [illegible] जति भयो। अब त उसको हृदयको [illegible]

घाउमा घेरै पाप्रा बसिसकेको हुनाले उसमा पहिलेको त्यो मौनता छैन; सबैसित दिल खोलेर बोल्छ, हाँस्छ।

अहिले 'अफ' हुनाले उ तम्बुभित्र बसी कुनै नेपाली पत्रिका पढ्नमा लीन थियो। एकाएक "कृष्ण, यी तपाईंको पत्र आएछ" भन्दै साथी नरेनले एउटा पत्र उसलाई दियो। देब्रेपट्टिको तल्लो कुनामा 'फ्रम' लेखिएको थियो—'बहिनी रत्ना।' यस्तो विरानो ठाउँमा यसरी आफ्नी बहिनीबाट अप्रत्याशित पत्र आउँदा उसलाई हुनसम्मको आनन्द लाग्यो। घरको, गाउँको साथै कालिम्पोङको हाल खबर जान्न पाउँदा उसको हृदय पुलकित भएको थियो तर "दाज्यू! भरखरैको कुरो हो—ट्रिस्टा छेउमा गाड़ी एक्सीडेन्ट भएर साथी निर्मलाको पति प्रकाशको अप्रत्याशित मृत्यु भयो। यसरी अल्प वयस्कमानै विचरीले विधवा हुनु पर्छ होला भन्ने मैले अलिकति पनि चिताएको थिइनँ ..।" पत्रको अन्तमा लेखिएका यी वाक्यहरू पढ्दा उसलाई छाँगाबाट खसे झैं भयो। हातबाट पत्र भूइँमा झर्‍यो औ यसरी अर्द्धसिल्ली झैं भएर कति बेरसम्म बसिरह्यो पत्तो भएन।

❀ ❀ ❀

कैयौं दिवसदेखि साफ सुग्घर नबसेकी, आज नुहाई-धुवाई बाहिर आँगनमा बसी घाम ताप्दै केश संगालिरहेकी थिई निर्मला। छेवैमा आई हलकाराले उसलाई एउटा पत्र दिएर गयो। त्यो पत्र हातमा लिएर उ घेरै बेरसम्म टोलाइरही। कसले पठाएको हो? यस्तो उत्सुकताले उसलाई केही विचलित तुल्यायो, अतः हतार हतार पत्र खोलेर पढ्न थालीन्—

नेफा,
ता: ६-११-६२

स्नेही निला,

अटूट सम्झना!

आज कैयौं दिवसको दीर्घ अवधि पश्चात् भनौं तिमीलाई यो सानो पत्र कोर्न लागिरहेछु। हुनता यो भन्दा पूर्व पनि तिमीलाई अरू पत्रहरू पठाएथें तर प्रत्युत्तर नआए ता पनि यस पत्रलाई ग्रहण गरौली भन्ने आशा छ।

निला, मानिसमा जब चेतनाको आगमन हुन्छ तबदेखि उ रुन होइन सदा हाँस्न चाहन्छ तर कहिलेकहीं परिस्थितिको निष्ठुर पञ्जामा परेर उसले हाँस्न त परै जावस् रुन पनि बिर्सदो रहेछ। मेरो दुइ दिनको जीवनमा पनि आज यस्तै घटना घटिरहेछ।

संसारमा मानिसको चाहना केवल एउटैमा मात्र सीमित रहँदैन तर विभिन्न हुँदछ औ आकर्षण कोहीमा कम्ती हुन्छ, कोहीमा बेसी र आज मेरा यस्ता कतिपय चाहनाहरू सजीव हुनको सट्टा केवल घिट-घिटोमात्र रहिरहेको छ औ जुन दिन यी चाहनाहरूको अन्त हुनेछ, साँच्चै! मेरो अस्तित्व पनि मेटिनेछ।

निला, वीर पुरुषहरूले एउटै म्यानमा दुइवटा तरवार कदापि राख्दैन, केवल एउटा मात्र राख्छ औ त्यसैमा उसले पूरा विश्वास गर्छ। जीवनमा कतिपय यस्ता कुराहरू हुँदोरहेछ जसलाई हृदयले चाहँदा चाहँदै पनि त्याग्नु पर्छ औ कति यस्ता हराएका वस्तु हुन्छन् जसलाई पाएर फेरि हराउनुपर्छ। कस्तो लाचारीको डोरीमा बाँधिएको मानव जीवन!

निला, संसारमा असम्भव भन्ने कुनै कुरो नभएता पनि सबै सम्भव नहुँदो रहेछ। यसैकारण आज मैले तिमीलाई पाएर पनि

पाउन सकिनँ, गुमाउनु पर्‍यो तर.. तर पनि हेर त निला ! आज पनि म अनेकौं आँधी-वेहरी र दुःख-कष्ट सहेर तिम्रै निम्ति यहाँ बसिरहेको छु, तिम्रै प्रतीक्षा गरिरहेछु..।

आजलाई यति।

अभागी,
'कृष्णा'

पत्र पढ्दै सक्दा बित्तिकै उसको हृदयमा महान् आघात पर्‍यो औ आफै पतनको खाल्डोतिर लम्केको उसले अनुभव गरी। आफ्नो जीवनलाई स्पर्श गरेर दूर भएको कृष्णचन्द्रको हृदयको महानता थाहा पाएर उसका युगल नयनबाट अजस्र अश्रुधारा बग्नथाल्यो। ऊ यसरी पश्चात्तापानलमा जली कैयौं बेरसम्म रोइरही।

❀ ❀ ❀

पहाड़को जलवायु अनुकूल नभई दिँदा घेरै जस्ता जवानहरू बिमारीको शिकार भए। कृष्णचन्द्रलाई पनि बिमारीले आक्रमण नगरी छाड़न। अरू भन्दा उ ज्यादै सिकिस्त भयो। यसर्थ मिलिटरी अस्पतालमा दुइ महीना जति बसी 'सिक लीभ' लिएर उ आफ्नो घर आयो। तर यहाँ आएर उसलाई फापेन। बिमारी बल्झ्यो। दिन प्रतिदिन सिकिस्त हुँदै गयो। डाक्टर, वैद्यहरूले बचाउने भरमग्दूर प्रयास गरे तर विधिको विधान कसले जान्ने ? औ एकरात सर्व परिवारलाई शोक सागरमा डुबाई उ चिर निद्रामा सुत्यो। कसैको गगन भेदी चीत्कारले पनि उसलाई ब्यूँझाउन सकेन..।

साँझ पर्न निकै बाँकी नै थियो— मलामीहरू कृष्णचन्द्रको मृत शवलाई श्मशान घाटको माटोको चिसो सतहमा पुरिराखेर शोक संतप्त हृदय लिएर घर फर्के।

यस्तो अप्रत्याशित खबर सुनेर पहिले त निर्मला स्तब्ध भई, हृदयको धड़कन बढ्यो औ शरीरमा कम्पन। अत्तालिँदै सोधपुछ गर्न गाउँतिर दगुरी तर कुरो सत्य भएको पाउँदा उसको आश्चर्यको सीमा रहेन। हृदयबाट भक्कानो फुटेर झर्‍यो औ उसलाई कहालिएर रुन मन लाग्यो। प्राणमा अन्धकार, हृदयमा वेदना र रोम रोम पर्यन्त आर्द्र रुदन भरेर जीवनको शेष घड़ीसम्म पश्चिरहने एक अतृप्त आत्मालाई भेट्न हुरीको वेगमा हुरिएर उ त्यहाँ पुगी। उसको क्षुब्ध गहबाट आँशुको भेल उर्लिरहेको थियो— अपलक दृष्टिले त्यस चिहानलाई हेरिरहेकी थिई— मानो त्यस चिहानले भनिरहेको छ—"हेर त निला ! आज पनि म अनेकौं आँधी-वेहरी र दुःख-कष्ट सहेर तिम्रै निम्ति यहाँ बसिरहेको छु, तिम्रै प्रतीक्षा गरिरहेको छु...।" यसको प्रत्युत्तरमा अर्द्धसिल्ली भैं उसले पनि भनिरहेकी थिई— "मलाई क्षमा गर कृष्ण ! मलाई क्षमा गर.. !! मैले तिम्रो हृदयको महानता थाहा पाउन सकिनँ, तिम्रो पवित्र प्रेमको कदर गर्न सकिनँ, मलाई क्षमा गर...।" पश्चात्तापानलमा जली अविरल आँशु चुहाउँदै त्यस चिहानको समक्ष रोइरहेकी थिई—बिचरी निर्मला !

मित्रता

—सन्तोष चन्द्र कार्की,
नवम् श्रेणी 'ए'

रने र बीरे बाल्यकालदेखि नै मित्र थिए। तिनीहरूका बाल्यकाल सुखसित बित्यो। समय जति बिते उति तिनीहरूका मित्रता दृढ़ हुनथाल्यो। जब दुवै सातौं श्रेणी पास गरेर आठौं श्रेणीमा पुगे, तब तिनीहरूका मन बदलन थाले औ दुवैले फौजमा भर्ना भई देशको सेवा गर्ने संकल्प गरे।

एक दिन दुवैले भागेर फौजमा जाने मतो मिलाए। त्यही रात आफ्ना माता, पिता, गाउँ, घर छिमेकी सबैलाई त्यागेर फौजमा भर्ती हुन हिंडे। सिलिगुड़ीको रेलवे स्टेशनदेखि दुवै रेलमा चढ़े। रेल द्रुतगतिले आफ्नो गन्तव्य स्थानतिर दौड़न थाल्यो। बाटामा अनेकौं नयाँ दृश्यहरू हेर्दै रने र बीरे पनि आफ्ना परिवार, गाउँलाई पछाड़ि छाड़ेर नौलो जग्गातिर बढ़नथाले।

आफ्ना स्थानमा पुगेर रने र बीरे पनि तालिम लिन थाले। नयाँ ठाउँ, नयाँ रीति रिवाजहरू, नयाँ भाषाहरू, विभिन्न थरिका मानिसहरू देखेर एकपल्ट ता दुवैको हृदयमा हाहाकार मच्चियो। आफ्ना गाउँघरको स्मृतिमा तिनीहरूका आँखा रसिए। फेरि आफ्नै पुरानो ठाउंमा फर्कने लालसा जाग्यो, तर दुवै विवश थिए।

नौलो ठाउँमा पुगेर ती दुइमा अझ घनिष्ठता बढ़न थाल्यो। तर संसारका सबै मानिसहरूले कसैले उन्नति गरेको र मिलेर बसेको चाहँदैनन्। यसर्थ फौजमा भएका अरू जवानहरूले पनि ती दुइका मित्रतामा बाधा हाल्ने कोशिष गरे। तिनीहरूको मेलदेखि जवानहरूका हृदयमा डढ़ेलो सल्कनथाल्यो औ कति जवानहरू मिलेर अनेक षड्यन्त्र रच्नथाले। फलस्वरूप रने र बीरेको माझमा भयङ्कर तुफान आएर तिनीहरूको हृदय तथुल पुथुल गरिदियो। अब तिनीहरू दुश्मन भए। तर रनेलाई यो पनि ज्ञात थियो कि यी सबै आफ्नै साथीहरूका जाल हुन्। तर बीरेलाई तिनीहरूले अन्धो बनाइसकेका थिए।

यही समयमा चीन र भारतको माझमा वैरभाव उत्पन्न भयो। चीन भारतमाथि आधिपत्य जमाउने उद्देश्य लिएर अघि बढ़न थाल्यो। भारतको रक्षा गर्नलाई सरकारले सीमानामा आफ्ना जवानहरू पठाउनथाले। यसमा रने र बीरेले पनि भाग लिएर आफ्नो मातृभूमिको रक्षा गर्न सीमानातर्फ प्रस्थान गरे। मातृभूमिको हितका लागि हरेक जवानको खून उम्लनथाल्यो।

एक रात बीरे आफ्नो मोर्चामा पहरा दिइरहेको थियो। हठात शत्रुको एउटा गोली सनसनाउँदै आएर उसको दाहिने छातीमा घुस्यो। उ बेहोश भएर त्यहीं लोट्यो। हतार हतार उसलाई नगिचैको अस्पतालमा लगियो तर खून धेर बहेको हुनाले उसको बिहोशीपन छुटेन। डाक्टरले खूनको कमी बताएर कोही खून दिने इच्छा गर्ने भने देओस् भने तर कोही पनि अग्रसर भएन। अन्त्यमा रनेले अघि सरेर आफ्नो खून दिने मनसुबा प्रगट गऱ्यो। रनेको खून पाएर बीरे बिस्तार बिस्तार होशमा आउन थाल्यो तर रने चाहिं बिस्तार बिस्तार बेहोश हुनथाल्यो।

अब रने पनि त्यही अस्पतालमा भर्ना भयो जहाँ बीरे थियो। दुवैका छेउछेउमा

नै पलङ्ग थिए। बीरे चाहिं स्वस्थ हुन थाल्यो, तर रनेको अवस्था दिनहूँ विग्रन थाल्यो। एक दिन बीरेले रनेलाई पनि त्यहीं सुतिरहेको देख्यो। अब बीरेको हृदयमा रने प्रति प्रतिशोध लिने भावना जाग्यो।

एक रात सारा दुनियाँ निद्रा देवीको काखमा मग्न थिए। बाहिर अन्धकारले आफ्नो राज्य जमाइसकेको थियो। बीरे बिस्तार साथ उठेर हातमा छुरी लिई अघि बढ्न थाल्यो। उ यही समय असल ठानी रनेतिर बढ्को थियो। रनेको छेउमा पुगेर एकपल्ट चारैतिर नजर दौड़ायो तर कसैलाई नदेखी उसको मन प्रफुल्ल भइउठ्यो। रनेको जीर्ण शरीरमा उसले छुरी प्रहार गरी उसलाई चीरबिदा गरिदियो।

भोलिपल्ट अस्पतालमा हल्ला मच्चिन थाल्यो। बीरे आफै अघि सरेर आफैलाई दोषी ठहरायो। यो सुनेर सबैले बीरेलाई थुके धिक्कारे। जब बीरेलाई पुलिसले पक्रेर लानथाल्यो तब डाक्टरले बीरेलाई रनेले उ प्रति गरेको सारा गुण बताए। अब बीरेको हृदय सजीव भई जागेर आयो। उसको हृदयमा हाहाकार मच्चिनथाल्यो। अनि आफ्ना मित्रको स्मृतिमा उसका आँखा रसिएर आए औ मृत रनेको चरणमा उसले दुइ थोपा आँसु अर्पण गरिदियो।

अधुरो जीवन

—नोरछेन लक्सम,
एघारौं श्रेणी।

क्षितिजका तीं तुवांला झैं
जीवन मेरो तुवाँलिएको छ।
रिमीझिमी, रिमीझिमी साँझमा
पथिक म विचलित छु।१।

मनुष्यताका तीं परिभाषाहरू
आद्योपान्त बुझ्ने प्रयास नगरें कहिले।
पीडित अनि परित्प्तका आलो लिई
मृत भाई सब अब जीउने कहिले।३।

रात्रिका निस्तब्धता पनि
प्रतिबिम्ब झैं आकारमा।
सताई रहन्छ सताई रहन्छ
मृत भई अब बाँच्दिनँ यहाँ।५।

हृदयान्तरका कणकण मेरो
भरिपूर्ण छ आज संसारको।
जग विपरीत पयाँकिएका म
मनुष्य हूँ केवल आकारको।२।

कल्पन्छु सधैं, बाग हरियो सदा
सुसज्जित सौन्दर्य प्रकृतिले पूर्ण।
अतीतका तीं शुभ अवधिहरू
आज हुन्छ प्रत्यक्ष प्रतीक।४।

क्षितिजका तीं तुवांला झैं
जीवन मेरो तुवाँलिएको।
शून्यपथका पथिक भई
पथमा म विचलिएको।६।

एउटा अचम्भको दृश्य

—पुष्प कुमार गुरुङ्ग
एघारौं श्रेणी 'कला'

उसको नाम थियो "माला"। धनी घरोनामा जन्म लिएकी, नपुग्दो केही थिएन। आधुनिक ढङ्गमा हुर्केकी माला साँच्चै नै सुन्दरी थिई। उसको रूपको चर्चा चारैतिर फैलिएको थियो।

एक दिन म केही काम विशेषले बजार गइरहेको थिएँ, हठात मेरा नयन युगल एक अति सुन्दरी युवतीमाथि पऱ्यो। उसले पनि मलाई हेरी, चार नयन एक भए औ मैले एक निमेषमा सारा संसार भुलें। श्यामल रंगको अनुहार, आँखामा गाजल, पातलो शरीर, म त हेरेको हेरेकै भएछु। पछिबाट कसैले मलाई बोलाए जस्तो लाग्यो, परिचित स्वर सुनी मैले फर्केर हेरें, मित्रको भाई 'हरि' रहेछ। उसले भन्यो—"कमल दाज्यू, गोली हेर्नु नजाने ? आज खूब राम्रो 'म्याच' छ।" तर मैले हरि भाइको कुरालाई उति ध्यान दिइनँ। उसँग बिदा लिएर म सोझै आफ्नो डेरामा फर्कें। किन हो मलाई एक प्रकारको नरमाइलो लागेर आयो। म सीधै आफ्नो कोठामा गई ओछ्यानमा पल्टिएँ। रात परिसकेको मलाई पत्तो भएन। हठात साथीको स्वर सुनी म वास्तविक दुनियाँमा ब्यूँझें। उ मेरो छेउमा आएर भन्नलाग्यो, "के गर्दैछौ अँध्यारोमा कमल ? रात परिसक्यो, बत्ती पनि बालेका छैनौ, के भयो ?" हत्तपत्त ओछ्यानबाट उठी बत्ती बालें। साथीलाई टाउको दुखेको बहाना लगाएँ। हात-मुख धोई पढ्न बसें तर पढ्ने मूड आएन, म फेरि बिस्तरामा पल्टिएँ।

× × × ×

बिहान म सधैंको भन्दा निद्रा देवीको काखबाट चाँडो उठ्न सकिनँ। निद्रा राम्रो नपुगेकोले आँखा पनि सुनिएछ। हतार हतार खाता-किताब मिलाई म कालेज जान तयार हुनथालें। सधैं भन्दा आज छिट्टो घरबाट निस्कें। मनमा अनेकौं प्रश्नहरू उठ्न थाले, त्यो हिजो भेटिएकी युवतीको बिषयमा जान्ने उत्सुकता बढेर आयो तर हाम्रो बीचमा परिचय नभएकोले मनको वेगलाई त्यसै थाम्न कर लाग्यो। छुट्टि हुनसाथ म लुरुलुरु आफ्नो बाटो लागें। आफू माथि यसरी एक्कासि परिवर्त्तन आएकोमा आफैंलाई छक्क लाग्यो। त्यस बेलुका गोली थियो। हेर्ने मन थिएन तरै पनि मित्रहरूको जबरजस्तीले आकर्षित गऱ्यो। दुवै पट्टिका खेलाड़ीहरू खूब राम्रा भएका हुनाले खेल साँच्चै नै हेर्न लायकको थियो। मेलाटारमा चारैतिर मानिसहरूका किसिम-किसिमका शोर सुनिन्थे। हठात मैले छेवैमा कुनै स्त्रीको चर्को चीत्कार सुनें। यसो पछिल्तिर फर्केर हेरें, त्यही परिचित हिजो भेटिएकी युवती रहिछ। सेतो साड़ी, सेतै साँगुरो ब्लाउज, कता-कता विदेशीपना तिनमा झल्किन्थ्यो। नेपाली युवतीलाई पश्चिमी फेशनमा चुर्लुम्म डुबेकी देख्दा मेरो मनमा घृणा उत्पन्न भएर आयो। मलाई देख्ना साथ उनको अनुहारमा मधुर मुस्कानको रेखा दौड़ियो। मैले त्यसमा एक प्रकारको आकर्षणको अनुभव गरें। तर उसको र मेरो बोलचाल कहिल्यै भएन। यद्यपि मलाई उसँग बोलूँ बोलूँ जस्तो लाग्थ्यो तर

बीचैमा संकोचको पर्दाले हामीलाई ढाकि-हाल्यो। यस्तै नै थियो हाम्रो भेटको संक्षिप्त परिचय।

× × × ×

यस्तै प्रकारले समयको पांग्रा घुम्न लाग्यो। अब ता प्रायः सँधैनै हाम्रो भेट हुनथाल्यो। कहिले कहीं उसँग भेट नहुँदा मलाई कस्तो-कस्तो नरमाइलो लाग्थ्यो।

दशैंको छुट्टिमा म घर गएँ। अभाग्यवश घर पुगनसाथ म बिमारी परें। एक महीना जस्तो ओछ्यान कुर्नपस्यो। कालेज लाग्ने समय नगीचैं आएको हुनाले माता-पितालाई जाने विन्ती चढ़ाएँ तर बिमार राम्रो जाती नभएसम्म मलाई पढ़न जानदिनु भएन। म जतिसक्दो चाँडै नै कालिम्पोङ फर्कन चाहन्थें तर परिस्थिति प्रतिकूल भइदिएको हुनाले विवश हुनुपस्यो। 'मानिसले इच्छा गरेको चीज प्राप्त गर्न बड़ो कठिन पर्छ' भन्ने विचार आज मेरो लागि प्रत्यक्ष हुनगयो। समय आफ्नो अविराम गतिमा चलिनै रहेछ तर एक दिन बित्न मेरो निम्ति एक वर्ष जस्तो लाग्यो। चन्द्रमाले आफ्ना सुनौलो मुहार उसैगरी दर्शाएकी छन्, बर्षेंचाका ती रंग-विरंग पुष्पहरू माथि भवँरा उसैगरी उड़िरहेका छन्, सयपत्री फूलले दीपावलीको आगमन देखाएको छ, गरीब किसानहरू आफ्नो परिश्रमको कमाई पाएर आनन्दित छन्, स्वच्छ निर्मल गगनमा चाँदनी उसैगरी मुस्कुराएकी छन्, तर मेरो लागि यी सबै प्राणहीन छन्।

× × × ×

आज भोलि गर्दै वर्ष बित्न लाग्यो, तर मेरो बिमार भने झन् निको भएन। निराश भएर वस्तु नै अब मेरो एक मात्र जीवन सहारा रह्यो। अन्तमा मनमनै 'माला' लाई पत्र लेख्ने निश्चय गरें। संकोचको पर्दालाई हटाएर भारी हृदय लिई यतिन्जेलसम्म दबाएर राखेको सम्पूर्ण व्यथा पत्रमा पोखाएँ औ दीपक भाईलाई पोष्ट गर्न पठाएँ। यसको दुइचार दिन पछि मेरो बिमार पनि निकै राम्रो भएर आयो। पिताले अझै दुइचार दिन आराम गरेर जाने आदेश दिनु भयो। मालाको हस्ताक्षरको दर्शन गर्न पाउँछु होला भन्ने बड़ो आशा गरेको थिएँ तर उसले मेरो पत्रको उत्तर दिइन। भोलि बिहान मैले कालिम्पोङ हिँड़्ने निश्चय गरें। सबै-सँग बिदा लिएर म बिहानको गाड़ीमा चढ़ें। बाटोमा केवल मालाको यादले सतायो। म सोच्नलागें—"उसले किन मेरो पत्रको उत्तर दिइन ? शायद ठेकाना भूल भयो कि ?" यस्तै सोच्दै म कालिम्पोङ पुगें। दुइ-चार जना साथीहरूको साथ त्यो बेलुका म पिक्चर हेर्न गएँ। हल भित्र मलाई एक मित्रले धीमा स्वरमा भन्यो, "कमल कस्तो अद्भूत दृश्य, हेर त ती नेपाली युवतीहरूले लाजै नमानी दारीवाले पञ्जाबीहरूको माझमा बसी गफ हाँकेका" यो दृश्य देखी म लगलग् काम्नथालें। केटीहरूको हँसाईमा उत्ताउलोपन थियो। यिनीहरूको हाँसोले मलाई किन हो झसंग बनायो, कता कता सुनिएको चिर परिचित स्वर जस्तो लाग्यो। राम्रोसँग नियालेर हेर्रें—अझ अचम्भको अविश्वसनीय दृश्य—पश्चिमी फेशनमा सजिएकी, हातमा काली भ्यानिटी ब्याग बोकेकी; पाउडर, लाली, क्रीम र गाजलले पोतिएकी "माला"। मेरो हृदयमा अनेकौं भालाले घोचे जस्तो लाग्यो। मेरो सम्पूर्ण शरीर तातिएर आयो। सबै मित्रहरू पिक्चर हेर्नमा मस्त थिए तर म चाहिं ....॥

आँसु

ले०—बसन्त कुमार बरदेवा।
नवम श्रेणी, 'कला'

शहरदेखि केही दूर, बमबस्तीको अग्लो डाँड़ामा एउटा चौतारो छ—कसैको याद-गारको निम्ति बनाइएको। एक रात त्यही चौतारोमा एउटा लंगड़ा परदेशी आई शान्तिको श्वास फेरी कहिले नबिउँझने गरी निदाएको निदाएकै भयो।

× × × ×

पाँच वर्ष अघिको कुरो हो। रत्नमाया बैंदारनी पति चन्द्रसिंह बैंदारलाई दाम्पत्य जीवनदेखि अनन्त विदा दिई विधवा भइन्। मीरा र किशोर बाहेक अरू कोही थिएनन्। मीरा मेट्रीक पास गरी छेवैको एउटा पाठशालामा काम गर्थी औ किशोर बी० ए० पास गरी मधेसको सरकारी अदालतमा नियुक्त भएको थियो। बाबुको मृत्युले उ घर आएको थियो तर विधिको विधान चलिनै रहन्छ। आज किशोर घर-देखि विदा लिई कामतिर गइरहेछ। आमा बहिनी औ आफ्ना साथी-भाइहरू उसलाई विदा दिन मोटर स्टान्डसम्म आएका थिए। बिदावारी भई किशोर गाड़ीमा चढ्यो औ आफ्नो बाटो लाग्यो। गोलाईमा पुगुन्जेल उसले आमा र बहिनीलाई हेरिरह्यो। हेर्दा-हेर्दै ओझल भयो, किशोर झसंग भयो। थाना डाँड़ा आएपछि गाड़ी ६ माइलतिर घुम्यो। विस्तारै कालिम्पोङको घर, अस्पताल, गिर्जाघर र सिनेमा हल आदि ओझल हुँदै गए। त्यस बेला करीब साढे चार भएको थियो। सन्ध्या हुन अझ बाँकी नै थियो।

× × × ×

तीन वर्षपछि—

तीन वर्षसम्म किशोरले आनन्दमय जीवन व्यतित गर्‍यो। अवकाश पाएका समयमा उ आफ्ना आमा र बहिनीलाई भेट्न घर आउँथ्यो औ समय-समयमा रत्नमाया र मीरा आफैं पनि किशोरलाई आएर भेट्थे।

एक दिनको कुरो—किशोर कामबाट आएर आफ्नै कोठामा बसी एउटा उपन्यास पढ्नमा लीन थियो। यतिनै बेला ढक-ढक आवाजले उसको मौनतालाई भङ्ग गरिदियो किशोर ढोका खोली बाहिर निस्क्यो। पिउनले उसलाई एउटा तार दियो जसमा लेखिएको थियो—

MOTHER SERIOUS COME SOON

MEERA

यो तार पाउनसाथ किशोरको मन खल्बलियो। कति बेला उज्याला हुन्छ र घर पुगूँ भने झैं हुनथाल्यो। उ रातभर जागै बस्यो। करीब दुइ बजेतिर बिछ्यौनामा पल्ट्यो। रातभरीको दुःखमय कल्पनाको बिदा पछि उ केही निदाएथ्यो। त्यही अवधि-मा उसले एउटा भयङ्कर सपना देख्यो। चारैतिरबाट पानीले घेरेको एउटा सानो टापूमा आफ्नो बाबुलाई मस्त जवान सेतो लुगा लगाई, सेतो घोड़ामा चढ़िरहेको देख्यो। प्रभात हुन लागेको थियो, समुद्रको गर्भबाट सूर्य उदय भई सूर्यसँग-सँगै किशोरकी आमा काली घोड़ामा चढ़ी त्यही टापूमा आई। त्यस पछि उ आफ्ना पतिसित त्यस टापू-देखि समुद्रको किनारातिर गई। किशोर झसंग भयो र बिउँझ्यो। बिहानको हावा

सिरि-रि-रि-रि बहिरहेको थियो । उसले आफ्नी प्यारी आमा र बहिनीको संझना गर्न लाग्यो। आफ्नो घरतिर फर्की बेडिङ्ग मिलाईवरि लेण्डरोभरमा चढ़ी कालिम्पोङतिर प्रस्थान गऱ्यो । तीन वर्ष अघि खुशीसाथ यात्रा गरेको बाटो अहिले दुःखमय भइरहेछ । बिहानी पखका चराहरूका सुमधुर संगीतले पनि उसको पोड़ित हृदयमा सान्त्वना दिन सकेन । उ एकचित्त भई घोरिएर बसेको थियो । केही बेरपछि किशोर चढ़ेको गाड़ी मधेस छोड़ी पहाड़ चढ़न थालेको थियो । एक्कासि अघिल्तिरको ठूलो दुङ्गासँग ठोकिन पुग्यो । गाड़ी उत्तानो चित भई पल्टयो ।

× × × ×

आफ्नो प्यारो दाज्यू आमा बिमारी परेका बेलामा पनि नआएको देखी मीराको मन बहुतै चञ्चल भयो । कालिम्पोङदेखि धाएर गई तर कतै पनि दाज्यूको पत्ता लागेन ।

पहलो घरको सानेका बाबु-आमा अौ कोही गाउँलेहरूका साथ मीराकी साथी शान्ता बसिरहेकी थिई । उसकी आमाले 'नानी' भनी मीरालाई बोलाई । मीरा आमाको छेउमा गई बसी। बिमारी बुढ़ियाले आफ्नो आँखाको तारो किशोर नआएको खबर सुनी दुइ थोपा आँशु खसाई जुन आँशुले मीराको कोमल हृदयमा किसिम-किसिमका कष्टदायक भावनाको सृजना गरायो । बिमारी आमा र किशोरको विषय लिएर रातभरी गाउँका मानिसहरूसित कुरा गर्थे । रातीको गहराई सँगै-सँगै त्यहाँ आएका मानिसहरू फटाक-फुटुक हराउँदै गए । आखिरमा सानेका बाबु-आमा, शान्ता अनि मीरा मात्र रहे । यस्तै गन्थन गर्दै सबै भुसुक्के निदाए । मीरालाई मात्र दुःख र शोकले निद्रा लागेन तर थकावट अघि कसले विजय प्राप्त गर्नसक्ने ? एक क्षण-पछि मीरा पनि निदाई । केवल एउटा दीप मात्र जलिरहेको थियो ।

× × × ×

"नानी, नानी मीरा !" भनी बिमारी बुढ़ियाले बोलाई । मीरा बिउँझी । बत्ती हातमा लिएर मीरा आमाको छेउमा गई । आमा मस्त निद्रामा थिई । केही भएको थिएन । मीराले फेरि बत्ती राखी अौ अघिकै ठाउँमा गई बसी । उ फेरि निदाई । त्यसको करीब एक घण्टा पछि शान्ताले आँखा खोली र मीरालाई हेरी अौ यसो टाउको घुमाई पछि र सानेको बाबु-आमालाई हेरी, सबै निदाइसकेका थिए । फयाउराको आवाजले तीव्र गतिले आई निस्तब्धतालाई भंग गरिदियो । पूँ...पूँ..हू पूँहू... गर्दै जोगीले गाउँमा फेरी लगाइरहेको थियो । देवल घड़ीले टिङ्...ट्वाङ्...टिङ्ग गर्दै रात्रिको तीन बजेका सूचना दियो । बिमारी बुढ़ियाले आफ्नी प्यारी छोरीलाई बोलाई । सबैजना निद्राबाट बिउझे । मीरा बिस्तारै उठेर आमाको छेउमा गई बसी । आमाले मीराका दुवै हात समाएर धीमा स्वरमा भन्न लागी—"नानी मीरा ! अब तिमीले मलाई यस संसारमा देख्ने छैनौं । मेरी प्यारी मीरा अब तिमी ठूली भयौ, म के उपदेश दिऊँ ? तिमी आफ्नो जीवनलाई आफै सम्हार गर अौ सुखी बनाऊ । म जस्तो पुत्र बियोगी भई मर्नु नपरोस् । अब मीरा ब...स.. ल...म.. मलाई.. उ.. न ...ले ..से...तो.. घो...ड़ा...मा.. च.. ढ़ी.. से ...तो...ब.. स्त्र.. ल.. गा.. ई.. बो.. ला...ई ...र...हे...का...छ...न् । कि.. शो. र !" बस् सब शान्त । मीरा कहालिई । शान्ताले रुद्धकण्ठले मीरालाई सम्झाई तर उसको के जोर !

निकै बेर पछि मीरा आफ्ना साथीको संवेदना र उपस्थित व्यक्तिहरूका सदोपदेशले रुन छोड्दी । कु..कु...री...कौं... गरी भाले बास्यो । बिहान भयो । सूर्य आफ्नो रथ हांक्नलागे, चारैतिर उज्यालो पार्दै । आजको दश वर्ष अघि चन्द्रसिंह बैदारले अनन्त विश्राम लिई संसारलाई बिदा दिई गएको थियो। आज उसकी पत्नी रत्नमायाले पनि एक मात्र छोरी मीरालाई छोड़ी परलोक भई । धिक्कार छ, ए पापी महाकाल, जसले पति-पत्नीको मेल, माता-पिताको प्यार, प्रेमी-प्रेमिकाको प्रेम, भाई-बहिनीको प्यार, इष्ट-मित्रको घनिष्टता हरण गर्छ । जीर्ण शरीर दाउराको थाकमाथि खरानी भयो ।

× × × ×

एक महीना बादमा मीराले आफ्नी प्यारी आमाको पुण्य स्मृतिमा एउटा पानीको धारा र एउटा चौतारो बनाई । मीरा दिनभरी त्यही चौतारोमा आएर दिन काट्थी । कतिपय परदेशीहरू त्यही चौतारोमा बास बसी रत्नमायाको आत्माले शान्ति पाओस् भन्थे । एक दिन त्यही चौतारोमा एउटा लंगड़ा परदेशी आई शान्तिको सास फेरि कहिले नबिउझने गरी निदाएको निदाएकै भयो ।

उपहार

-पारस गजमेर
दशौं श्रेणी

तिमी आउने सुगम पथमा
बहार सजिरहेको होला,
शून्य जगको निस्तब्ध रातमा
तिम्रै कविता कोरिरहुँला ॥१॥

आज यहाँ, भोलि कहाँ
स्मृति बसरी अतीत होला
त्यही स्मृतिको सहारामा
तिम्रै कविता कोरिरहुँला ॥२॥

जीवनको वस्त्र लाएर आई
पृथ्वीको रंगमञ्चमा खेली रहुँला
हास्य, रोदन, क्रन्दन मिलाई
तिम्रै कविता कोरिरहुँला ॥३॥

विगत दिवसको स्मृति लिई
प्रगति पथको यात्री बनुँला
अश्रुजलले नयन भिजाई
तिम्रै कविता कोरी रहुँला ॥४॥

कोरिरहुँला, कोरिरहुँला
विगत स्वर्णीम स्मृतिलाई
त्यही स्मृतिको माला चढ़ाउँला,
"उपहार" तिमीकन 'एस० यू० एम० आई०' ॥५॥

N.C.C. & A.C.C.

Martyrs Remembrance
Day—1964.



By Standers—2nd A. C. C.
Platoon No. 1335.

Standing bys —1st A. C. C.
Platoon No. 290

N.C.C. & A.C.C.

Ek Do Ek

Human Loaders—Fireman's Lift

Hep ! Hep ! Hep !

पश्चात्ताप

—हेमलाल विश्वकर्म
एघारौं श्रेणी 'कला'

स्वार्थी दुनियाँलाई बाह्र घण्टाको निंति भुलेर सूयले आफ्नो गति पश्चिमतिर बढ़ाइ-रहेको थियो। चरा-चुरुङ्गीहरू नाना किसिम-का राग सुनाउँदै बास बसिसक्न आँटेका थिए। अकस्मात् ती पक्षीहरूका रागलाई भंग गर्दै ऊन-गोदामले कर्मचारीहरूलाई बेलुकीको पाँच बजेको सूचना दियो। कर्म-चारीहरूमध्ये एक दरिद्र तर सुन्दर युवक खल्टाङ्ग खल्टाङ्ग गर्दै त्यसको डेरातिर गइ-रहेको थियो। युवकले एउटा फाटेको कमीज र दाहिने घुँडामा टालेको धोक्रे सुरुवाल लगाएको थियो। त्यो थियो मोहन।

झुण्डबाट छुट्टिएपछि केही पर त्यसले प्रतिमालाई अकस्मात् भेटेर डाक्यो—'प्रतिमा'... तर प्रतिमाले मोहनपट्टि मुन्टो नफर्काई फटाफट अघि बढ़ी औ अल्प क्षणमा मोहनको दृश्यदेखि लुप्त भई। केही पर मोहनले फेरि त्यसको एउटा पुरानो मित्र मदन, जो 'मेट्रिक' दिएर रासन दोकानमा छुर्क गर्दै थियो, भेट्यो औ मोहनले संकेत गर्‍यो—"हल्लो मदन, हालखबर बढ़िया छ ?" मदनले पनि एकै सासमा जवाब दियो, साथै प्रश्न पनि गर्‍यो—"बढ़िया छ औ तिम्रो कस्तो छ नि औ के काम गर्दैछौ ? खुट्टा के भयो ?" मोहनलाई प्रथम र अन्तिम प्रश्नको उत्तर दिनता गाह्रो लागेन तर बीच प्रश्नको उत्तर दिन ता घाँटीमा हाड़ अड़के जस्तो भयो। तर पनि त्यसले लाज ढाक्नका निंति जवाब चाहिँ दियो—"नभन्दै ईश्वरको कृपाले हात-मुख जोर्न सम्म छ।"

यतिमै मदनले मोहनदेखि विदा लिएर अघि बढ्यो। तर किन हो कुन्नि, मदनले मोहनसित त्यति खुलम-खुला बातचीत गरेन जतिको त्यो कक्षामा हुँदा गर्थ्यो। शायद मोहनको त्यस बेलाको पैह्रनले मदनको वाकशक्तिलाई धक्का दियो कि ?

मोहन पनि आफ्नो डेरातिर बढ्यो औ क्षण पश्चात् त्यो डेराको ढोकामा उभिन पुग्यो। त्यसको मुहार मलिन थियो। पीड़ाले अतीतको कहानी दोहोर्‍याउन आँटे झैं थियो। जब एक क्षणको निंति ढोकामा उभिएर केही सोचिसक्यो, होश फेरि फिरे झैं झट्ट ढोका खोलेर भित्र प्रवेश गर्न मात्र के आँटेको थियो, भित्र त्यसले अन्धकार सिवाय केही देखेन। गोजीबाट माचिस निकालेर सल्काएर खल्टाङ्ग खल्टाङ्ग गर्दै टुकी राखेको स्थान छाम्न पुग्यो अनि माचिस झोसेपछि कोठाले नवीन मुहार लियो तर मोहनको भने जस्ताको तस्तै थियो। दुःखको अधिकारी हुनसके पनि भोकको अधिकारी हुन नसक्दा त्यसलें आफूलाई चौकातिर ढाल कर लाग्यो। आगो सल्काई दिउँसो उन्रेको बासी चियाको भाँड़ालाई चम्कामाथि टेकाइदियो। स्वयं धर्मरिदै बिछ्यौनमा ढल्न पुग्यो। गोजीबाट सानो बिड़ीको टुक्रा झिकेर सल्काइसकेपछि एक सर्को धुवाँ पस्काकेर, एकोहोरो माथि छानापट्टि हेरिरह्यो। बिड़ीको धुवाँ सँगसँगै त्यसले आफ्नो पूर्व स्मृतिलाई मुखबाट करुण वाक्यमा निकाल्यो—"प्रतिमा, तिमी कस्ती स्वार्थी, निष्ठुर हृदया भएकी ? तिमीले मसित साँचो हृदयले प्रेम गरेकी होइन रहिछ्यौ

तर मेरो धनसित मजा लिन प्रेम गरेकी रहिछयौ। आज मैले तिम्रो प्रेमको प्रतिफल भोगिरहेको छु। नारी-समाजले पुरुष जातिलाई भमरा भन्छन् तर वास्तवमा नारी नै भमरा हुँदा रहेछन्। तिमीले वचनको मूल्य बुझेकी रहिनछयौ।" अकस्मात् मोहनलाई प्रतिमाको असत्य वचनको स्मरण भयो— "मेरो जीवनको अन्तिम घड़ीसम्म पनि म तपाईंसित नै हुनेछु, तपाईंको चरणामृत पान गर्न सदैव पाउनु नै मेरो जीवनले पुण्य पाएको सम्झेकी छु, तपाईंको सेवाको निति यस प्राणलाई पनि गुमाउन तत्पर रहन्छु। तपाईंको जीवनमा आएको परीक्षा मलाई नै आएको सम्झी उत्तीर्ण हुनेछु। तपाईंकी दासी भएर रहन नपाएमा आत्महत्या गरेर मर्नेछु।" "तर पनि तिमीलाई ईश्वरले सुखी राखून्, मेरो ईश्वरसित यही आन्तरिक प्रार्थना छ।" भनी मोहनले अन्तिम वाक्य निकाल्यो। यतिका अवकाशसम्म मोहनलाई आफ्ना नेत्रबाट नेत्रजल बगिरहेको पत्तै भएन।

मोहन कुनै समय एउटा धनी मानिसको एकलो पुत्र थियो। तर परिस्थितिवश आज त्यो यो दशामा छ जहाँ त्यसलाई एक छाक जुटाउन असम्भव प्रायः भएको छ। एकदिन त्यो काममा अनुपस्थित भयो भने यता भाँड़ा र चुलाले पनि एकदिनको निति विश्राम पाउँछ।

प्रतिमाको झूटो प्रेमको बन्धनमा बाँधिएको बेला मोहन दशम श्रेणीको खुड़किलोमा खुट्टा टेक्न पुगेको थियो। प्रतिमाको झूटो वचन र नकली मायाले मोहन यति साह्रो प्रभावित भएको थियो मोहनले विद्या र माता-पितालाई खेलौना सम्झ्यो। मोहनले इष्ट-मित्र न ता समाज कै प्रवाह गर्थ्यो। त्यो घेरजसो पाठशालामा पनि उपस्थित हुँदैनथ्यो अनि घरमा पनि सुत्दैनथ्यो। त्यस समयको निति संसारको शासन नै तिनीहरूको हातमा सुम्पे झैं थियो। माता-पिताको पसिनामा तौ दुइ प्राणी झुलुक्की लाउँथे। सिनेमा, होटल र पार्क तिनीहरूकै निति मात्र सजिएको हुन् भन्ने भान हुन्थ्यो। माता छोराको यस्तो दुःखित व्यवहार थाहा पाएर शुष्क हृदय लिएर छोरालाई सम्झाउँथिन्, बुझाउँथिन् तर मोहनले माताको एक शब्दलाई पनि हृदयमा स्थान दिएन कारण प्रतिमाले पहिले नै ओगटेकी थिई बरू माताको उपदेश लाई विष सम्झी अफाल्न नै उचित सम्झ्यो।

यसरी सुखसित दिन व्यतीत भइरहेको समय, अभाग्यवश मोहनका पिताको स्वर्गवास भयो। त्यसदिनदेखि मोहन पितृहीन भयो। पिताको मोह-माया लुप्त भयो। पिताको मृत्युले केही दिन मोहनलाई दुःखी बनाए ता पनि प्रतिमाको झूटो प्रेमले त्यस दुःखलाई ढाकिदियो। पिताको मरण यसो ता मोहनलाई झन खुला भयो। कारण त्यही घरको मालिक थियो। तर दुःख, त्यसले पिताले कमाएको धनमा धन थप्ने कोशिष गरेन। त्यसको प्रतिमा देवीसित घुम्दैमा समय बित्यो। घरमा केही स्थान दुःखले ओगट्न थालेको थियो ता पनि मोहनलाई परवाह थिएन। देवी झैं स्वामीहीन माता दुःखित र पीड़ित भइन्। लोग्ने मरेकोले जलेको हृदय लिई बरू छोरालाई सम्झाउँथिन्, उपदेश दिन्थिन्। सम्झाएको दिन मोहन श्रवणकुमार भइटोपल्थ्यो तर भोलिपल्ट फेरि पुरानै नाटक। पतिको शोक र छोराको कुचालले बूढ़ी पनि विरामी भइन्। मोहनको लापरवाही र हेरचाह कम भएकोले बूढ़ीको पनि चोला छाड्यो। अब उसो मोहन सम्पूर्ण रूपले दुहुरा भयो। अलि अलि रहेको पैसाले आमाको काज-किरिया गर्दा ठीकै भयो। घरमा

दुःखले पूर्ण रूपले शासन जमाउन थालिसक्यो। मोहनको घर अब प्रतिमाको निति अन्धकार श्मसान र दुःखै दुःखले भरिएको नरक तुल्य हुनथाल्यो। प्रतिमा देवी अल्पी। त्यसको दर्शन मोहनको लागि दुर्लभ जस्तो भयो। प्रतिमा देवीको पूजारी हुन मोहन अब नालायक भयो। यसले मोहनलाई झन तड़पायो, जलायो, घाउमा नून-चूक थपियो।

अन्त्यमा मोहनले पाठशाला छोड़ेर पेटको समस्या हल गर्ने मेलो खोज्न सिवाय केही सहारा पाउनसकेन। फलतः त्यो एउटा ऊन-गोदाममा भर्ना भयो।

★

भुल्नसकिनँ

—अर्जुन कुमार,
दशौं श्रेणी

दिन सफा भाष्कर उदाई,
अर्ध दिनभर खूब रिझाई,
आयो अब त्यस सुघड़ी,
मानो जग उठ्यो फर-फराई ॥१॥

चिर्रै भोड़लाई दुर्दमनीय वेग,
सुनिन्थ्यो शब्द अविरल गतिको,
एस० यू० एम० आई०
ब्लेक एण्ड व्हाइट ॥२॥

थरि थरिका हल्ला मचाई,
नूतन चेतना, ताजा सन्देश,
लोकन कम्पन पार्दै जगलाई,
बोकी "सिल्ड" विद्याश्रममा,
भुल्नसकिनँ त्यस दिनलाई ॥३॥

तीव्र स्वरले, गला फुलाई,
ध्वनि फिंजाई पुनः मन्त्र सुनाई
"एस० यू० एम० आई०
ब्लेक एण्ड व्हाइट"
गुञ्जिरहेथ्यो सुखै पाहुनाई ॥४॥

गरयौं भोज दिनभर रिझाई,
सन्देश नयाँ जगमा फैलाई
भुल्ने कसरी त्यस दिनलाई
भुल्नसकिनँ त्यस दिनलाई ॥५॥

✕

श्रद्धाञ्जलि

—गोपाल नारायण प्रधान
सातौं श्रेणी 'बी०'

यो मेरो आँसु झर्छ सबै शहीदको दुःखमा;
जाड़ोको बेला बास बसे होलान् पहाड़ पर्वतमा ।
स्वदेश सम्झी सबले हेर रगत बगाए;
मरेर पनि अमर भए सुनाम कमाए ।

सुनौलो नाम फैलाइ गयो नभको तारामा;
दुःखित हृदय पारेर गयौ दुनिया पारीमा ।
"वीर त्यो पुत्र" भनिन्छ सदा रहन्छौ अमर;
मूर्तिले तिम्रो सुसज्जित होला भारतको शहर ।

बढ़ेर गए अगाड़ि तिनी कर्त्तव्य सम्झेर;
माताको माया रोएको होला हावामा गम्केर ।
आफ्नो प्राण बचाए पनि छोरालाई गुमायो;
आउँदैछ आत्मा बास देऊ सबा तारालाई सुनायो ।

पहेंली फूल गुलाबी फूल तिम्रो त्यो चिहानमा,
फुलेर रहोस् बासना चलाई बासन्ती बिहानमा ।
देशका रक्षा गरेर मरयौ दुःखलाई सहेर;
जितमा तिम्रो चन्द्रमा हाँस्लिन् चाँदनी छरेर ।

श्रद्धाको आँसु चढ़ाउँछु सबलाई आफ्नो उरदेखि;
सूर्य में तिम्रो विरताको चिन्ह, भुल्कन्छ दुरमा ॥

विज्ञान

—मारूफ हुसेन
नवौं श्रेणी 'बी'

हेर ! आज संसारमा नहुने के पो रहेछ,
द्रुत गतिले विज्ञान; आज के गरिरहेछ ।

जुन कुरो पहिले मानिसको सपनामा थिएन,
त्यो कुरो आज विज्ञानको सामु लुकेर रहन सकेन ।

मानिस अन्तरीक्ष पुगी फर्कनलागे,
दुनियाँ विज्ञानको चमत्कार हेर्नलागे ।

हामी पनि विज्ञानको गरौं ह खोज,
देखाऊँ संसारमा भारतीयको ठूलो ओज ॥

तर्साउने ठाउँ

—टेकबहादुर सुब्बा
नवौं श्रेणी 'कला'

(१)

हुनत त्यो ठाउँमा मलाई कहिले पनि तर्साएको थिएन; भएता पनि सबै गाउँले-हरूले त्यसलाई तर्साउने ठाउँ मन्थे। औंसी अथवा पूर्णिमाको मध्यरातमा त्यस ठाउँमा मानिसको अघाड़ि सुंगुरको पाठो दगुर्छ रे, औ मानिस गुनुगु गरी बात मारेको जस्तो गर्छ रे, कसैलाई त गालामा चढ़कन पनि लगाएको थियो रे। यस्ता घेरै भूतका कुराहरू मैले हाम्रा गाउँका दाज्यू-भाइहरूका मुखबाट सुनेको थिएँ।

यो तर्साउने ठाउँ हाम्रै गाउँ भित्र पर्छ। यो जग्गा घुम्ती परेको छ औ घुम्तीका छेउ-छाउमा बाक्ला बाँसका घारीहरू छन्। त्यहाँ एउटा सानो खोलो पनि छ। त्यही खोलाको पल्लो-पट्टि एक-दुइटा च्यादर ठोकेका घरहरू पनि छन्। एउटा रातो-खानो भएको कोठी चाहिं सुबेदार मेजरको हो। सुबेदार मेजर भर्खरै पल्टनबाट पेन्शन पाएर आफ्ना घर बनाएर त्यहाँ बसेका छन्। तिनका दुइटी छोरीहरू छन्, एउटी चाहिं निकै उमेर खाएकी, अर्की चाहिं भर्खर यौवनको खुड़किलोमा पाइलो हालेकी। यसो हेर्दा फुलेकी कमल झैं देखिन्थी' आधुनिक भेष-भुषाले निकै लत्याएकी।

जेठीको नाम सुमित्रा,

कान्छीको पवित्रा।

जेठी चाहिं बिवाह भइसकेकी तर पनि आफ्नै माइती घरमा बस्छे। कान्छी चाहिं भर्खर नवम् श्रेणीमा उत्तीर्ण भएर गएकी। परिवार सुखी थियो। यिनीहरूले गरीबी—जीवनका कठिनाइहरूको सामना गर्नुपरेको थिएन।

(२)

सन्ध्याको समय।

चारैतिर पक्षीहरूका कलरव गान सुनिन्थ्यो; रजनीले आफ्नो च्यादर बिस्तार बिस्तार फिंजाइरहेको थियो। आकाशमा बादलका चेपबाट एक दुइवटा ताराहरू चम्किरहेका थिए। म आफ्नो कोठाको मयालमा बसी बत्तीको प्रतीक्षा गरिरहेको थिएँ। भाइले माथिल्लो तलामा लालटिन लिएर आयो।

त्यसले भन्यो—"दाज्यू!"

"क्या हो?" म कराएँ।

"तल्लो घरको चामेलाई त कांचो-बायुले साह्रो पार्दैछ रे, तिमी हेर्न जादैनौ?" भाइले मलाई बतायो। केही पनि नभनी सरासर चामेको घरतिर म लागें। घरमा मानिसको भीड़ रहेछ, म बाहिर नै बसें। कुरै-कुरामा चामेको कुरा निस्क्यो।

"हन चामेलाई कहां कांचो-बायुले फेला पारेछ?" काकी दाज्यूले कुरा कोट्याए।

"यही माथि घुम्तीमा, बिचरा कामबाट फर्कंदैथ्यो रे.....।" राई दाज्यूले जवाब दियो।

घरको अघाड़ि चिर्नेलाई राखिएको मूड़ामा टुक्रुक बस्तै राई दाज्यूले भन्यो—"आजकलका तरुणी, तन्देरीहरू के खाऊँ?

के लाऊँ ? भन्ने समयमा नै प्याट्ट मर्छन् । यसैले गर्दा त यिनीहरू काँचो-बायुमा उत्रन्छन् ।"

"हो, हो" सबैले कुरा थपे । धेरै बेरसम्म हामी गफ गरिरह्यौं । हाम्रो गफ सकिए पछि म रोगी भएको कोठामा पसें । रोगीको छेउमा एक थाल चामल, दीयो र कलश राखिएको । रोगीका वरिपरि चार-पाँचजना मानिसहरू बसेका थिए ।

"आय्या.....मरे.....नी ।"

"के भो वा ?" रोगीको बाबुले सोध्यो ।

"यहाँ मुटुमा नै अठथाउँछ ।"

धामी अछेता छर्दै बरबराउन थाल्यो । समय निकै गएको हुनाले म पनि घरतिर लागें । मैले मनमनै सम्झें—त्यो तर्साउने ठाउँ पक्का भूतको अड्डा रहेछ । के चामेलाई पनि त्यही घुम्तीको भूतको खेलले गर्दा यस्तो भएको हो ? के त्यो तर्साउने ठाउँमा काँचो-बायु, पाकेको-बायु वा भूत प्रेतहरू बास गर्छन् ? अघाडि कथामा पढ़ेको भूत-प्रेतका कुराहरू सम्झँदै म उकालो लागें ।

(३)

आज 'क्रिसमस'को दिन ।

मलाई पनि एकजना साथीले बड़ादिन-को पार्टीमा निम्त्याएको थियो । समय बेलुकी ६ बजे । आज पूर्णिमाको रात । एक त जाड़ो महीना, लामो रात, फेरि भएन त तर्साउने ठाउँलाई नाघेर जानु पर्थ्यो; यसकारण टार्चलाइट, पूर्णिमाको रात भए पनि बोकें । साथीको घरमा नै खाने विचारले बेलुकाको भान्सा नगरी नौं माइल-तिर लागें । बाटामा थुप्रै सिनेमा हेरेर फर्कने मानिसहरूलाई भेटें । बाटामा एकजना युवकसँग पवित्रा बहिनीलाई पनि भेटें । यस्तो ठण्डा महीनाको समयमा पनि पवित्रा बहिनीले ठुटे बाहुला भएको ब्लाउस र घुँड़ासम्मको फ्रक लगाएकी थिइन् ।

पवित्रा बहिनीलाई सोधें—

"भर्खर फर्केकी बहिनी ?"

"अँ दाज्यू, हेरन पिक्चर हेरेको त ढिलो भयो ।"

यसो मैले छड़के आँखाले त्यो अपरिचित युवकलाई हेरें । त्यस युवकले छेपारी र चाक फुट्ला जस्तो प्रकारको पतलुङ्ग लगाएको थियो । औ नाड़ी नै छोप्ने डायलको पाङ्ग्रा जस्तो घड़ी पनि !

"लौ जाऊ है त बहिनी ।" भनी म आफ्नो बाटो लागें । प्रायः साढ़े ६ बजे तिर म साथीको घरमा पुगें । घरमा निकै मानिस थिए । म सरासर घर भित्र पसें । भित्र कोठामा धिरेन्द्र बसिरहेको रहेछ ।

"हल्लो नरेन्द्र, भर्खर ?" धीरेन्द्रले बसेको ठाउँदेखि उठ्दै भन्यो । "भर्खर पो आउँदै छु म त ।" मैले अघाड़िको चौकीमा बस्दै भनें । "बस्दै गर है, म चिया लिएर आउँछु ।" यति भनेर धीरेन्द्र तल भान्सा कोठामा झर्‍यो ।

म अर्को गान-भजन भएको कोठामा गएर बसें । त्यहाँ कोही हारमोनियम बजाइ-रहेको थियो, कोही गिटार र भाइलेन ।

चिया-खाजा ट्रेमा लिएर धीरेन्द्र आइ-पुग्यो । गाना सुन्दै म चियो-खाजा खानलागें । खाजा खाइ सकेपछि, यसो घड़ी हेरेको त नौ बज्नलागेछ । मलाई झल्यांस तर्साउने ठाउँको याद आयो । मध्यरातमा त्यहाँ भूत-प्रेत खेल्न निस्कन्छन्

रे .....। यो कुराले मलाई सताउन थाल्यो। घर हिंड्ने विचारले मैले धीरेन्द्रलाई बोलाएर भनें—"संगी म अब घर जान्छु है।"

"हत्तेरी! आज क्रिसमस भनेर तिमीलाई थाहा छैन? क्रिसमस बाजे मध्यरातमा आउँछन्, यसकारण कमसेकम तिमीले १२ बजेसम्म बस्नुपर्छ।" धीरेन्द्रले निधार सुम्क्याउँदै भन्यो। मेरो बोल्ने बाटो नै रोकियो। त्यो तर्साउने ठाउँको कुरा गरूँ भने यिनीहरू पत्याउँदैनन्। म चूप लागी बसें। एक तमासले हारमोनियम, गिटार, भाइलेन र बङ्गो बजिरहेका थिए। म पनि तिनीहरूसँग लहैलहैमा ताली मार्नथालें। कोठालाई बाजाको आवाजले नै ढाकेको थियो। केटाहरू घोर्ले शोर तानी तानी गीत गाइरहेका थिए। गाना र बाजाको तालमा मैले तीन घण्टा बितेको चालै पाइनँ। भित्तामा राखिएको घड़ीले १२ बजेको सूचना दियो। अब हिंड्ने विचार गरेर मैले धीरेन्द्रलाई बोलाएँ।

"अब म जान्छु है, रात निकै गइसक्यो।" मैले भनें।

"लौ! लौ! घर पनि टाढो छ।"

"बस है! म हिंड़ें।"

यति भनी म घरतिर लागें। बाटाका किनारमा बिजुली बत्ती बलिरहेको थियो। सड़क शूनसान थियो। गल्लीमा एक दुइवटा कुकुरहरू भुकिरहेका थिए। बजारलाई छाड़ी म बस्तीको बाटो लागें। जून टक-टक लागेको थियो। अघिको मैलो सड़क पनि सफा देखिन्थ्यो। प्रायः जम्मै बाटाका घरहरू बन्द भइसकेका थिए। पोथ्रा-पोथ्री-बाट अलि-अलि किट-पतङ्गको आवाज सुनिन्थ्यो। म बाटामा एकलै एक तमासले हिंड़िरहेको थिएँ। क्रेपशोलको जुत्ता लगाएको हुनाले मेरो हिंड़ाइको आवाज सुनिँदैनथ्यो। विस्तार विस्तार म अघि बढ़िरहेको थिएँ; तर्साउने ठाउँ नजिक नजिक आइरहेको थियो। म अलि-अलि भएको जम्मै साहसलाई बटुली, मेरो सुकेको छाती फुकाई अघि बढ़िरहेको थिएँ। बल्लो पट्टि घुम्तीमा आइपुग्दा तल सुबेदारको कोठीमा मेरो नजर पऱ्यो। अझसम्म त्यो कोठीमा बत्ती बलिरहेको थियो। जति जति म घुम्तीको नजिकमा गइरहेको थिएँ उति उति मेरा आङ र खुट्टा आफै फुलिएको जस्ता हुन लागे। घुम्ती बीचमा, दाहिने पट्टि एउटा बाक्लो बाँसघारी थियो। त्यो बाँसघारीमा पूरा अंधकार छाएको थियो। त्यहाँ चन्द्रमाको उज्यालोको निशान पनि थिएन। त्यो बाक्लो बाँस-म्यांगबाट मानिस गुनुगु बात मारेको जस्तो सुनियो। मेरो अलि अलि भएको साहस पनि यो आवाजले जम्मै उड़ाइदियो। म चूप लागी ढिलो चालले हिंड़नथालें। जति जति म बाँस म्यांगको नजिक हुँदै जान्थें, उति उति आवाज पनि बढ़दै जान्थ्यो। मैले मन मनमा बिचार गरें—के भूत-प्रेत पनि मानिस जस्तै बात मार्छन् र? होइन, यहाँ पक्का पनि केही रहस्य छ। भएभरको साहस र आँट बटुली, मैले त्यस बाँस-म्यांगमा टार्चलाइट लगाएर हेर्ने विचार गरें। चिसो हातमा चिसै टार्चलाइटको मधुरो प्रकाशमा मैले देखें—

अघिको युवक

अनि पवित्रा बहिनी!

हम्नेलाई भन्दा देख्नेलाई लाज भने मैं मलाई भयो। टार्चलाइट निभाइवरि म घरतिर लागें। मैले मनमा सम्झें—हाम्रा गाउँमा यस्ता जीउँदा भूत र भूतेनीहरू पनि

रहेछन्, जसले चाहिं आफ्ना आमा-बाबुले छोरा-छोरी माथि राखेको भविष्य आशालाई माटामा मिलाई दिंदा रहेछन्। शायद यस्ता जीउँदा भूत र भूतेनीहरू हाम्रा समाजमा सयकड़ामा हरदर आधा भन्दा बेसी छन् होला। बितेका दिनहरूको, पवित्रा बहिनीसँगको हाँस-खेल ठट्टालाई सम्झँदै म घर पुगें। बुवाको कोठामा बत्ती बलिरहेको रहेछ। म ढोका खोली सरासर आफ्नो कोठामा पसें। म आएको चाल पाएर बुवा झर्केर कराउनु भयो—

"क्या हो तँ त, झन छिटो आइज है भनेको त यति बेला ढल्कन्छस् ? आजकल झन काँचो-वायुको चकचकी छ।"

"हर्कमा आँशु"

—तेजबहादुर थापा
एघारौं श्रेणी 'कला'

अन्तरमा पीड़ा देखेर
आँखा कसैको नरसियोस्
भरिलो जीवनको दुःख देखेर
हृदय कसैको नचुँड़ियोस्।

दृगजल पोख्नु नै मेरो जीवन
रातदिन बसी रुन्छु म एक्लै
आँसु नै मेरो साथी जीवनको
आशाको आँसुमानै सान्त्वना पाउँछु।

"हर्कमा" ले प्रकृतिको गीत पाउँछु
मेरो दुःखपूर्ण प्राङ्गणको सन्ध्या
सुख कता, दुःख यता
मेरो भविष्य जीवन परेको छ फन्दा।

तर बिन्ती मेरो यो छ
म हें दृगजल नपोख्नु कोही अरू
मेरो नीरव जीवनदेखि
विरह-व्यथाको हृदय नचुड़ाउनू।

गर्छौं के भन अब ?

—बमबहादुर घिसिंग,
एघारौं श्रेणी (कला)

यस जोवनको छोटो अवधिमा,
पायौ आप गरीबको,
गर्छौं सेवा भन अब ?
बनी गुलाम कसंको ।

गर्छौं परिश्रम खून पसि,
बदलिउन्जेल पसिनामा
पाउंदैनौं दुःखी तिमीले यश,
यस पापले भरिएको दुनियाँमा ।

खड़ा गर्छौं विशाल मिनार
भवन आदि अरू महान
होइन तिमी त्यो गर्ने
छन् अरू नै प्रतापवान ।

जन्म भदेऊ कुनै अबोधलाई
दिएर जन्म गर्छौं के ?
उसले होइन दिन बालकले
बन्नेछ गुलाम त्यसले ।

महात्मा गांधी प्रति

—चन्द्र प्रकाश बर्नाल,
सातौं श्रेणी 'ए'

जन्मेका थिए महात्मा गांधी
भारत भूमिमा ।
दिलाए तिनले स्वाधीनता सबलाई
शान्तिको आधारमा ।

गांधीजी जस्ता वीर पुरुष हाम्रा
देशमा अर्का हुन् ।
बापू भै हाम्रा अति नै राम्रा
देशमा गर्ने गुण ॥

ज्ञान बुद्धि तिनमा यतिका थि
को गर्ने वर्णन ।
शान्तिको उज्यल बालेर दियो
प्राण गरे तर्पण ॥

महात्मा गांधी भारतमा जन्मी
परोपकार गरे ।
अंग्रेजबाट प्रभुको नामली
दुःखलाई हरे ॥

जीवन, सुख औ सन्तोक

—भीम सुब्बा,
नवौं श्रेणी 'विज्ञान'

